# त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञानअध्ययन संस्थान
# डीनको कार्यालय
## कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि र पशु चिकित्सा स्नातकोत्तर तहमा रिक्त कोटामा विद्यार्थी भर्नासम्बन्धी सूचना ।
### प्रकाशित मिति २०७९/११/२६ गते ।

यस अध्ययन संस्थानको मिति २०७९/११/२६ गतेको भर्नाबाट कृषि तर्फ कृषि वनस्पति तथा इकोलोजीमा ५(पाँच) र भेटेरीनरी थेरोजिनोलोजीमा १(एक) वटा सिट रिक्त रहेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. भर्ना प्रक्रिया सम्बन्धमा:**

रिक्त सिटहरुमा भर्ना हुनको लागि तपसिलमा तोकिए वमोजिको विद्यार्थीहरु विहानको ठिक ११:०० बजे यस अध्ययन संस्थानको स्नातकोत्तर भवन, कीर्तिपुरमा उपस्थित हुनु पर्नेछ ।

| क्र.सं. | डिग्री कार्यक्रम | मिति | उपस्थित हुनु पर्ने मेरिटक्रम |
|---|---|---|---|
| १ | कृषि (M.Sc.Ag.) | २०७९/११/२९ गते | मेरिट नं १०१ देखि १०५ |
| २ | पशु चिकित्सा (M.V.Sc.) | २०७९/११/२९ गते | मेरिट नं ३१ |

मिति २०७९/११/२९ गतेको भर्नामा मिति २०७९/११/२६ गतेको काउन्सिलिङ्गमा उपस्थित नभएका विद्यार्थीहरु पनि मेरिटक्रम अनुसार उपस्थित हुन सक्नेछन ।

२. भर्ना हुनको लागि तपशिलमा उल्लेखित सक्कल कागजातहरु अनिवार्य रुपमा रुजु गराउनु पर्नेछ । भर्ना प्रयोजनको लागि कुनैपनि प्रमाणपत्रको प्रतिलिपि मान्य हुने छैन । भर्ना हुने व्यक्ति स्वमं उपस्थित हुन नसकेमा नागरिकताबाट नाता खुलेको प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ ।

क) रकम जम्मा गरेको बैंक भाउचर ।
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
ग) +२ वा सो सरहको लब्धाङ्क-पत्र (Transcript)।
घ) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक/प्रोभिजनल/मुल प्रमाणपत्र)। नेपाल बाहिरका विश्वविद्यालयको हकमा चारित्रिक प्रमाणपत्रबाट भर्ना गरिने छैन ।
ङ) त्रि.वि. बाट स्नातक तह पुरा गर्नेको हकमा T.U. Registration Card र त्रि.वि. वाहेक अन्य संस्थाबाट स्नातक तह पुरा गर्नेको स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) ।
च) त्रि.वि. वाहेक अन्य संस्थाबाट स्नातक तह पुरा गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

नोट: स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) भर्नाको दिनमा बुझाउन नसक्ने विद्यार्थीको हकमा मिति २०७९/१२/०३ गते भित्र बुझाउन सकिनेछ ।

**३. भर्ना शुल्क सम्बन्धमा:**

भर्ना शुल्क नेपाल बैंक लिमिटेडको **"कृ.प.वि.अ.सं. पिजी खाता"** नम्बर **०४५००१००१०५३९०००००१** मा जम्मा गरी सोको सक्कलै भाउचर भर्नाको समयमा बुझाउँनु पर्नेछ । भाउचरको Deposited by मा भर्ना हुने व्यक्तिको नाम लेख्नु पर्नेछ । भर्ना हुँदा वुझाउने शुल्क तल तालिकामा दिइएको छ ।

| विवरण | शुल्क (रुपैयाँमा) | | | कैफियत |
|---|---|---|---|---|
| | **Scholarship** | **Half IDF** | **Full IDF** | |
| कृषि विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | भर्ना हुँदा छात्रवृत्ति कोटामा लाग्ने शुल्क मात्र बुझाउँनु पर्नेछ भने बाँकी शुल्क कोर्ष रजिष्ट्रेशनको दिन बुझाउँनु पर्नेछ । |
| पशु विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| मत्स्य विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| पशु चिकित्सा विज्ञान | ६१,७७०/- | १,११,७७०/- | १,६१,७७०/- | |

प्रा.भार्गव धिताल
डीन